म.जि. प्र. का. द.नं. : १०६/०६८,   वर्ष १२,   अंक ११५   बुधबार २१ मंसिर २०७९   ने. सं. ११४३ थिंलाथ्य   7 December, 2022   www.sajhakuranews.com   पृष्ठ संख्या ४   मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## लागूऔषधसहित तीन युवक पक्राउ

हेटौंडा, २० मंसिर/हेटौंडा उपमहानगरपालिकाको बसपार्कबाट लागूऔषधसहित तीन जनालाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ । गाँजा २०० ग्राम र नाइट्राभेट २७ ट्याब्लेटसहित हेटौडा उपमहानगरपालिका-१२ बस्ने २५ वर्षीय विशाल घलान, हेटौंडा-१४ बस्ने २१ वर्षीय विजय रिजाल र हेटौंडा-१७ बस्ने २० वर्षीय शर्मिला भोम्जन पक्राउ परेका हुन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरी टोलीले बसपार्कमा शंकास्पद रुपमा हिँडिरहेका तीन जनालाई सोमबार लागूऔषध नाईट्राभेट सहित पक्राउ गरेको हो । उनीहरुमाथि उक्त लागूऔषधसहित नियन्त्रणमा लिएर थप अनुसन्धान कार्य भइरहेको प्रहरीले जानकारी दिएको छ ।

## अब हेटौंडा अस्पतालमै मृगौला प्रत्यारोपण

साझाकुरा संवाददाता

हेटौंडा, २० मंसिर/ मृगौला प्रत्यारोपण जस्तो जटिल प्रकारको स्वास्थ्य उपचार अब हेटौंडा अस्पतालमै हुने भएको छ । हेटौंडा अस्पतालमा मृगौला प्रत्यारोपण तथा डायलासिस सेवा विस्तारका लागि सम्झौतापत्रमा हस्ताक्षर भएको छ ।

सम्झौता भएसँगै अस्पतालमा निकट भविष्यमै मृगौला प्रत्यारोपण र डायलासिस सेवा सुरु हुने अस्पताल विकास समिति सदस्य उत्सव चौलागाईले जानकारी दिए । मंगलबार बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डे, स्वास्थ्य मन्त्री निमा लामाको उपस्थितिमा शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रसँग सम्झौता भएको हो । केन्द्रसँग मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान र हेटौंडा अस्पतालबीच त्रिपक्षीय सम्झौता भएको छ । अस्पताल प्रतिष्ठान मातहत सञ्चालन भइरहेको छ । विगतमा संघीय सरकार मातहत रहेको हेटौंडा अस्पतालाई प्रतिष्ठानमा ल्याएर सञ्चालन भएपछि उपचार सेवामा वृद्धिसँगै गुणस्तरीयतामा पनि बढावा भएको छ ।

शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका कार्यकारी निर्देशक डाक्टर पुष्करचन्द्र श्रेष्ठ, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डाक्टर विश्वराज जोशी र हेटौंडा अस्पतालका मेडिकल सुपरिटेन्डेन डाक्टर रामचन्द्र सापकोटाले सम्झौता पत्रका हस्ताक्षर गरेका छन् । मृगौला प्रत्यारोपन केन्द्र स्थापना गर्न बागमती प्रदेश सरकारले ८ करोड रुपैयाँ बजेट छुट्याएको छ । अस्पतालमा सेवा विस्तार गर्ने अभियान अनुसार बागमती प्रदेश सरकारको सहयोगमा मृगौला अंग प्रत्यारोपण गर्नका लागि पनि सम्झौता पत्रमा हस्ताक्षर गरिएको हो ।

मृगौलाको प्रत्यारोपण र डायलासिस सेवा पनि तत्काल अगाडि बढाइने बागमतीका मुख्यमन्त्री पाण्डेले बताएका छन् । काम गर्ने इच्छा सक्ति हुँदा पैसाको कुनैपनि अभाव हुन नदिने उनले प्रतिबद्धता जनाए । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डाक्टर जोशीले हेटौंडा



अस्पतालमा सम्झौता कार्यान्वयनमा आएपछि धेरैलाई सेवा दिनका लागि सहज हुने बताएका छन् । सम्झौतामा चालू आर्थिक वर्ष ०७९/०८० भित्र हेटौंडा अस्पतालमा मृगौला प्रत्यारोपण कार्य सुरु गरिने उल्लेख छ । बागमती प्रदेशअन्तर्गत विभिन्न अस्पतालहरुमा डाइलाइसिस सेवा विस्तार गर्ने सम्झौतामा उल्लेख गरिएको हो ।

यी कार्यक्रमहरुका लागि शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भक्तपुरअन्तर्गत जनशक्तिको तालिम, अध्यापन आदी व्यवस्थापन गर्ने, मस्तिष्क मृत्युबाट हुने अंगदान र प्रत्यारोपणलगायतका कार्य प्रभावकारी बनाउन कार्य योजना प्रस्तुत गर्ने, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका स्वास्थ्यकर्मीहरुलाई शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भक्तपुरमा मृगौला प्रत्यारोपण फेलोशिप, एमसिएच युरोलोजी, डिएम नेफ्रोलोजि, नर्सिङ विषयको स्नातक तथा स्नात्ताकोत्तर तहलगायतको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक गृहकार्य गर्ने जनाइएको छ ।

## विरेन्द्रको शालिक नहटाउँदा रोकियो कम्प्लेक्स निर्माण

साझाकुरा संवाददाता

हेटौंडा, २० मंसिर/ हेटौंडा उपमहानगरपालिका-४,स्थित हुप्रचौरमा रहेको वासुदेव सभागृह भत्काएर व्यापारिक कम्प्लेक्स बनाउन सम्झौता गरेको एक वर्ष पुरा भएको छ ।

तर, सभागृहको प्राङ्गणबाट रहेको राजा वीरेन्द्रको शालिकनहट्दा व्यापारिक कम्प्लेक्सनिर्माणको कार्य सुरु हुन सकेको छैन । व्यापारिक कम्प्लेक्स बनाउने भन्दै हेटौंडा उपमहानगरपालिकाको तत्कालिन मेयर हरिबहादुर महतले वासुदेव सभागृह रहेको जग्गा छनौट गरेका थिए ।कम्प्लेक्सका लागि २०७८ मंसिर २० गते लामा-रसुवा-बानियाँ निर्माण सेवासँग तीन वर्षीय सम्झौता भएको थियो ।

सम्झौता भएको एक वर्ष भइसक्दा पनि व्यापारिक कम्प्लेक्स निर्माणको काम सुरु हुन सकेको छैन । हेटौंडा उपमहानगरपालिकाले तीन वर्षीय आयोजनाको रुपमा अघि सारेर १ वर्ष अगाडि नै सम्झौता गरेको योजनाको काम वर्ष दिन बित्दा हालसम्म १ प्रतिशत पनि काम हुन नसकेको हो । निर्माणका लागि ठेक्का पाएको कम्पनीले ल्याएको स्काभेटरसमेत बेवारिस अवस्थामा थन्किएको छ ।

ऐतिहासिक वासुदेव सभा गृहको भवन निर्माण गर्न २०६० सालमा तत्कालीन हेटौंडा नगर पालिकाले हुप्रचौरमा निर्माण सुरु गरेको सभागृह सम्पन्न नहुँदै नयाँ व्यापारिक भवन बनाउने उद्देश्यले भत्काइएको थियो । तत्कालीन सरकारको २ करोड भन्दा बढी लगानीबाट बनेको सभागृहमा प्राविधिक त्रुटी देखाउँदै प्रयोगमै नआई भत्काइएको हो । ऐतिहासिक सभा गृह मासिएपनि यसलाई मासेर बनाइने भनिएको व्यापारिक कम्प्लेक्सको काम पनि अघि बढ्न सकेको छैन ।

१३ तले नयाँ भवन बनाएर भवनमा दुई तलाको अण्डर ग्राउण्ड, चारतिरबाट लिफ्ट, दुइटा भऱ्याङ, टपमा भ्यूटावर, शपिङ पसल, अफिस, रेष्टुरेण्ट, गेमिङ जोनलगायत सुविधा हुने बताइएको छ । भवन निर्माण गर्न ४७ करोड ९३ लाख ७२ हजार रुपैयाँमा निर्माण कम्पनीसँग सम्झौता भएको एक वर्ष बितेको छ । तर, काम भने सुरु पनि हुन सकेकै छैन ।

यता, नगर विकास समितिको नाममा रहेको हुप्रचौर परिसरमा निर्माण भएको ऐतिहासिक, कलात्मक तथा पुरातात्त्विक महत्व बोकेका नेपालका राजा विरेन्द्र शाकको शालिक नै भत्काउने गरी भवन निर्माणको कार्य अघि बढेकाले सालिक संरक्षण र सुरक्षाका लागि



आवश्यक पहल गरिदिन राप्रपा निकट नेताहरुको समूहले पटकपटक सरोकारवाला निकायलाई माग गर्दै आइरहेका छन् । स्वर्गीय वीरेन्द्र राजाको सालिक भत्काउने कि अन्यत्र स्थानान्तरण गर्ने भन्ने कुराको ठोस निर्णय हुन नसक्नु नै काम सुरु गर्न नपाउनुको मुख्य कारण रहेको छ । जीर्ण शालिकलाई अन्यत्र सार्न मुस्किल हुने हेटौंडा उपमहानगर पालिकाको अभिव्यक्ति छ भने राप्रपाले शालिक जस्ताको त्यस्तै राख्न ध्यानाकर्षण गराइरहेको छ ।

हेटौंडा उपमहानगर पालिकाका प्रवक्ता सबिन न्यौपानेले अघिल्लो सरकारको योजनालाई गौरवको योजनाको रुपमा राखेर सोही भवन निर्माणका लागि चालू आर्थिक वर्षमा १५ करोड रुपैयाँ बजेट समेत विनियोजन गरेको बताए । यसअघि विभिन्न कारणले निर्माणमा अवरोध आए पनि अबको केही दिनमा जसरी पनि यो विषयको ठोस निष्कर्ष निकाल्ने तयारीमा स्थानीय सरकार रहेको न्यौपानेले दाबी गरेका छन् ।

ठेक्का पाएको निर्माण कम्पनीका प्रोजेक्ट म्यानेजर भवन बनाउन नपाएको भन्दा पनि बनाउन नदिइएको बताउँछन् । यसले गर्दा काम नसकी छुटकारा पनि नपाइने र काम गर्नको लागि सम्बन्धित पक्षहरुले बाटो पनि खुल्ला नगरिदिएको कारण सुरु गर्नै नपाएको बानियाँ निर्माण सेवाका प्रोजेक्ट म्यानेजर आदित्य ठाकुर गुनासो गर्छन् ।

उनका अनुसार निर्माणको जिम्मा पाएको कम्पनीले काम गर्ने अनुकूलता नपाएकै कारण काम गर्न पाएका छैनन् । सभा गृह अगाडि रहेको राजा वीरेन्द्रको सालिक भत्काउन नहुने एक पक्षको अडान र त्यसलाई स्थानान्तरण गरेर सुरक्षित गर्ने पहलमा उपमहानगरपालिका चुकेकै कारण १ वर्षसम्म पनि काम अघि बढाउन नसकिएको बताइए पनि यसतर्फ स्थानीय सरकार फेरिएसँगै चासोको विषयले हेर्न छोडिएको गुनासो बढेको छ ।

यता राप्रपाका केन्द्रीय सदस्यसमेत रहेका मकवानपुरका प्रतिनिधिसभा सदस्य दिपक सिंहले हुप्रचौरमा व्यापारिक भवन बनाउन उचित भएको बताए । व्यापारिक भवन बनाएर भाडा असुल्ने काम उपमहानगरपालिकाको नभएको सिंहले बताए । 'हुप्रचौर मास्ने कुरा ठिक हैन, फेरि भूकम्प गएको बेलामा जनतालाई कहाँ राख्ने ? त्यसलाई पार्कको रुपमा राख्नुपर्छ,' सिंहले भने ।

हुप्रचौरमा कम्प्लेक्स बनाएर नगरपालिकाले व्यापार गर्ने भए बजारका व्यापारीले के गर्ने भन्दै सिंहले प्रश्न गरे । 'हजारौं मान्छेलाई राख्न परेमा अब हेटौंडामा कहाँ खुला जग्गा छ ? दिनप्रति दिन जनसंख्या बढ्दैछ, खाली जग्गा घटदै गइरहेको छ,' उनले थपे, 'कम्प्लेक्स बनाउने पैसा हेटौंडा अस्पतालमा लगानी गर्दा राम्रो हुन्छ नी । जनताकै सेवाका लागि पैसा लगाउने हो,'

## बरालटोलमा सडक स्लाब ढलानको शिलन्यास



साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा-१२ बरालटोलमा सडक स्लाब ढलानको शिलन्यास गरीएको छ ।

बागमती प्रदेश सभाका नवनिर्वाचितसदस्य एकालाल श्रेष्ठले स्लाब ढलानको शिलन्यास गरेका हुन् । बागमती प्रदेशको भौतिक पुर्वाधार विकास मन्त्रालय अन्तर्गत शहरी विकास तथा भवन निर्माण कार्यालयको २५ लाख र जनश्रमदान गरी कुल २६ लाख ५० हजारमा सडक निर्माण हुने समितिका अध्यक्ष इस्वर बरालले जानकारी दिए ।

कार्यक्रममा नेकपा एमालेका नगर सचीव बोलबहादुर कार्की, नगर सदस्य अर्जुन अर्याल, फुलबारी टोलबिकास समितिका अध्यक्ष कृष्ण थिङलगायतको उपस्थिति थियो ।

खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!

यात्रु महानुभावहरूलाई खुसीको खबर !

यही २०७९ पौष १ देखि

- हेटौंडाबाट ठिंगन हुँदै काठमाडौंसम्म दैनिक दिवा सेवा बिहान ६ बजे र ७ बजे
- कलंकी बसपार्क काठमाडौंबाट १ बजे र २ बजे दिउँसो लगनखेल ठिंगन हुँदै हेटौंडा सम्म




सम्पर्क:
९८५५०६७६५५, ९८५५०७१६२५, ९८५५०७०५६०

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्जे काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

"कडा अनुशासन, स्तरीय शिक्षा"

ADMISSION OPEN
BBS
CLASSES ARE STARTING FROM MANSIR 18
ENROLL NOW



Hetauda School of Management and Social Sciences
Hetauda-4, Makawanpur
info@hsm.edu.np
057524701, 057524711
9855074222
www.hsm.edu.np

साझाकुरा

## हाम्रो कुरा

# एयरपोर्टको आवश्यकता

आज अन्तर्राष्ट्रिय नागरिक उड्डयन दिवस । अन्तर्राष्ट्रिय नागरिक उड्डयन संस्थाको ५० औ वार्षिकोत्सव मनाउन यस दिवस मनाउन सुरु गरिएको हो । पछि संयुक्त राष्ट्र संघको महासभाले पनि डिसेम्बर ७ लाई अन्तर्राष्ट्रिय नागरिक उड्डयन दिवसका रुपमा मान्यता दिएको हो । ठूलासाना हवाईजहाजहरू अनि हेलिकोप्टरहरू आकाशबाट उडेको हामीले देखी आएका नै हौँ । तिनै हवाईयन्त्रहरुको सञ्चालन, सुरक्षा र व्यवस्थापन हेर्ने निकायलाई नागरिक उड्डयन भनिन्छ । संसारभरका नागरिक उड्डयन विभागहरूले एकै स्वरमा नागरिक उड्डयन सुरक्षा र ब्यवस्थापनका लागि आवाजहरू उठाउने गर्दछन् । कुनैपनि राज्य र क्षेत्रको विकासमा उड्डयन सुविधाको महत्पूर्ण भूमिका हुन्छ । विकासका पूर्वाधारहरूको स्थापना गर्न, आवतजावत गर्न, सेवा सुविधाको पहुँच बढाउन, पर्यटन सम्भावनाको विकास गर्न, विपद् व्यवस्थापन गर्न र दुर्गमका बिरामीहरूलाई समयमै उपचारका लागि अस्पतालसम्म समयमै पुर्‍याउन उड्डयनको मूलभूत भूमिकाहरू हुन् । यसवर्ष 'नवप्रवर्तनलाई अझै प्रश्रय दिँदै विश्वव्यापी उड्डयनको विकास' भन्ने नारा सहित यो दिवस आज मनाइँदैछ ।

नेपालमा सन् १९५७ मा नागरिक उड्डयन प्राधिकरण स्थापना भएको हो । उड्डयनको सुरक्षा, गुणस्तरीय सेवाको व्यवस्थालगायत व्यवस्थित अन्तर्राष्ट्रिय मापदण्डको हवाई क्षेत्र अनि विमानस्थलको सुरक्षा नै यसको मुख्य उद्देश्य हो । भौगोलिक अवस्था, गुणस्तरको कमी, अन्तर्राष्ट्रिय समुदायले अपनाउँदै गरेको प्रविधि अपनाउन नसक्नु अनि मानवीय त्रुटिका कारणले नेपाली आकाशमा विमान दुर्घटनाका निरन्तर समाचार आइरहन्छन् । कतिपय दुर्घटनाका कारणहरू नियन्त्रण बाहिर हुन्छ भने उड्डयनका आधार तथा नियमहरूलाई आत्मसाथ गर्न सके धेरै दुर्घटनाहरू कमी हुन सक्छ । हवाई उड्डयनले संसारलाई एकसुत्रमा बाँधिदिएको छ । एउटा कुनाबाट अर्को कुना खासै पर छैन र त्यससँगै यसका चुनौतीहरू पनि आएका छन् ।

यति हुँदाहुँदै पनि नेपालको राजधानीको पनि राजधानी बागमती प्रदेशको राजधानी हेटौंडामा एउटा एयरपोर्टको अत्यन्तै आवश्यकता रहेको छ । हरेक दृष्टिकोणबाट हेटौंडामा एउटा घरेलु विमानस्थल हुँदा देशलाई नै फाइदा हुने देखिन्छ । त्यसैले एउटा घरेलु विमानस्थल हेटौंडामा बनाउने विषयमा स्थानीय तह, प्रदेश र संघीय सरकारले ध्यान दिनु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०७९ मंसिर २२ गते बिहीबार ८ डिसेम्बर २०२२ । मंसिर पूर्णिमा शुक्लपक्ष । थिंलाथ्य ११४३ ने.सं. । सूर्योदय ६:४३, सूर्यास्त ५:७ । उँधौली पर्व ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मन खिन्न बनाउन सक्छ | तुला | : आतिथ्यपूर्ण सम्मान पाइनेछ |
| वृष | : दिन उत्साहपूर्ण बन्नेछ | वृश्चिक | : प्रेमको बन्धन कसिन सक्नेछ |
| मिथुन | : नयाँ ज्ञान सिक्ने अवसर मिल्नेछ | धनु | : चुनौतीहरु देखा पर्न सक्नेछ |
| कर्कट | : व्यावसायिक यात्राको सम्भावनाछ | मकर | : व्यवसायमा सामान्य फाइदा हुनेछ |
| सिंह | : दाम्पत्य जीवन सुखद बन्नेछ | कुम्भ | : अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ |
| कन्या | : आम्दानी राम्रो हुनेछ | मीन | : यात्रामा खर्च बढ्नेछ |

# कृषि, शिक्षा, स्वास्थ्य, विद्युत्, वातावरण, अर्थमा दलको हाजिरी र अनुपस्थिति



**सरोज भट्टराई**

घोषणापत्र राजनीतिक दस्तावेज हो जसले देशको योजना र गन्तव्य बोकेको हुन्छ । चुनाव नजिकिँदै जादा घोषणापत्रले ठूलो महत्व राख्छ किनकि घोषणापत्रका आधारमा जनताले नेतृत्व चुन्ने गर्दछन् । जब जब चुनाव आउँछ, राजनीतिक दलहरूले ठूला-ठूला आश्वासन दिँदै घोषणापत्र सार्वजनिक गर्छन् । केही पूरा हुन्छन् त अधिकांश अक्षरमा सीमित रहन्छन् । यो क्रम २०४७ यता क्रमश: चली आएको छ । २०७४ सालको निर्वाचनमा पाँच वर्षको अवधिमा सुविधा सम्पन्न सहर बनाउनेदेखि रेल चलाउने र गरिबी न्यूनीकरण गर्नेसम्मका महत्वाकांक्षी बुँदाले घोषणापत्र रंगिए । कति पूरा भए सर्वविदित नै छ । विगतझैँ यसपल्ट पनि चुनाव निजिकिँदै जाँदा राजनीतिक दलहरूले आफ्नो घोषणापत्र सार्वजनिक गरेका छन् ।

***शिक्षा***

नेपालको कुल बजेटको २० प्रतिशत रकम शिक्षामा लगानी गर्ने भनी दलहरू व्यापक चुनावी प्रचारमा छन् तर चालु आर्थिक वर्षसम्म आइपुग्दा शिक्षामा जम्मा ११ प्रतिशत बजेट विनियोजन गरिएको छ र देश पुँजीगत खर्चका लागि वैदेशिक ऋणमा निर्भर हुनुपर्ने अवस्था छ, त्यसैले २० प्रतिशत बजेट शिक्षामा विनियोजन गरिनेछ भन्ने कुरा यथार्थको धरातल बाहिरको कुरा हो ।

२०७४ सालमा वाम गठबन्धनले नेपाललाई पूर्ण साक्षर बनाउने भनेका थिए तर अझै १८० वटा पालिका पूर्ण साक्षर हुन बाँकी छ । हाल पनि दलहरूले गरेका वाचाको कुनै लेखाजोखा छैन । दलहरूले इ-लाइब्रेरीदेखि अनलाइन कक्षाको सपना देखाएका छन् तर शैक्षिक सत्र सकिनै लाग्दासम्म पाठ्यक्रम नपुग्ने कर्णालीको शिक्षा विकासको खाका खोई ?

***विद्युत्***

तथ्यांकअनुसार हाल नेपालले २२ सय मेगावाट बिजुली उत्पादन गरिरहेको छ । यद्यपि नेपालका अधिकांश जलविद्युत् आयोजनाहरू नदी प्रवाहमा आधारित रहेकाले वर्षाको बेलामा मात्र पूर्ण क्षमताको विद्युत् उत्पादन हुने गर्छ भने हिउँदमा क्षमताको ३० देखि ३५ प्रतिशत मात्र विद्युत् उत्पादन हुने गर्दछ । यस्तो अवस्थामा नेपाली कांग्रेसले घोषणापत्रमा १० हजार मेगावाट, माओवादी केन्द्रले ८ हजार मेगावाट, त्यसैगरी नेकपा एमालेले भने ५५ सय मेगावाट विद्युत् पाँच वर्षमा उत्पादन गर्ने उल्लेख गरेका छन् । जनुसुकै पार्टीले जति उत्पादन गर्छु भने पनि ५ हजार मेगावाट विद्युत् ५ वर्षमा यसै पनि उत्पादन हुने निश्चित छ । जसका लागि (PPA –Power Purchase Agreement) को काम पनि सुचारु भइरहेको अवस्था छ । तर ५ वर्षको अवधिमा १० हजार मेगावाट विद्युत् उत्पादन गर्न भने सम्भव नै छैन । किनकि, त्यही ५ हजार मेगावाट बिजुली उत्पादन गर्न १० अर्ब रूपैयाँ लगानी लाग्छ, जसमा ३० प्रतिशत लगानीकर्ता आफैँले जुटाए पनि ७० प्रतिशत बैंकहरूको हुन्छ । यति धेरै स्रोतको व्यवस्थापन गर्नु सहज छैन । विद्युत् आयोजनका लागि EIA / PPA पनि भएको छैन ।

अहिले पहाडमा उत्पादित जल विद्युतलाई तराईको औद्योगिक क्षेत्रमा पुर्याउने वा पहाडकै दुर्गम क्षेत्रमा विस्तार गर्ने संयन्त्र बनिसकेको छैन, यही आवस्थामा दलले प्रसारण लाइन सबैतिर पुर्याउने कुरा राख्नु स्वाभाविक हो । केन्द्रीय तथ्याङ्क विभागका अनुसार २०७८ को जनगणना अनुसार कर्णाली र सुदूरपश्चिम गरी १७ लाखभन्दा बढी जनसंख्याको विद्युतमा पहुँच छैन । यो समस्याको समाधानका लागि प्रसारण लाइन मात्रै बिस्तार गरेर हुँदैन, सुदूरपश्चिम क्षेत्रमा उत्पादित विद्युत्ले त्यस क्षेत्रको माग पूरा गर्न सक्दैन र पूर्वमा उत्पादित विजुली त्यहाँसम्म पुर्याउँदा त्यसको भोल्टेज एकदम कम हुने प्राधिकरणका कर्मचारी बताउँछन् । यस्तो अवस्थामा विकल्प प्रसारण लाइन सबैतिर पुर्याउने भन्दा पनि कि भारतबाट बिजुली आयात गर्ने जुन अहिले पनि दैनिक ४० देखि ६० मेगावाटसम्म सुदूरपश्चिम क्षेत्रमा आयात भइरहेको छ । अर्को विकल्प भनेको सुदूरपश्चिममै त्यस क्षेत्रलाई पुग्ने गरी विद्युत् उत्पादन गर्नु हो । त्यसैले घोषणापत्रमा मात्र प्रसारण लाइन सबैतिर पुर्याइने भनेर मात्र हुँदैन । त्यसले वस्तविक समस्या समाधान हुनेवाला छैन । विद्युत् भनेको आधार भूत कुरा हो पहिले ती वञ्चित १७ लाख नागरिकसम्म विद्युतमा पुर्याउने खाका खै ?

***आर्थिक घोषणा***

२०७४ मा वाम गठबन्धनले प्रतिव्यक्ति आय ५ हजार डलर बनाउने भनेका थिए । साढे ३ वर्ष सरकारमा बस्दा पनि हाल प्रतिव्यक्ति आय १२ सय डलर मात्र छ । यसपालि घोषणामा प्रतिव्यक्ति आय २४ सय डलर र अर्थतन्त्र १०० खर्ब रूपैयाँ पुर्याउने भनिएको छ । हाम्रो देशमा हाल ४.२ प्रतिशत आर्थिक वृद्धि छ । १०० खर्ब रूपैयाँको अर्थतन्त्र बनाउने हो भनी हामीलाई पाँच वर्ष नै कम्तीमा १४ प्रतिशतको दरले आर्थिक वृद्धि चाहिन्छ । यो कतिको सम्भव कुरा हो ।

देशको आर्थिक वृद्धिदर नेकपा एमाले ७ प्रतिशत, नेपाली कांग्रेसले ७ प्रतिशत, माओबादी केन्द्रले हालको दोब्बर बनाउने कुरा घोषणापत्रमा उल्लेख गरेका छन् । अहिलेको विश्व अर्थतन्त्र रुस-युक्रेन युद्ध र कोभिडपछिको असर लगायतका कारणले मन्दीको अवस्थामा पुगेको छ । यिनै कारणले नेपाली अर्थतन्त्रले आयात र निर्यात बीचको अन्तरका कारणले घट्दो शोधनान्तरको समस्या बेहोरिरहेको छ । यस्तो अवस्थामा उच्च आर्थिक वृद्धिदरको घोषणा कति यथार्थपरक छ, विचारणीय विषय हो ।

सबै दलले विकासका सपना बाँडेका छन् तर मुद्रास्फीति रोक्न र भविष्यमा आउन सक्ने आर्थिक मन्दी रोक्ने नीतिले दलका घोषणापत्रमा ठाउँ नपाउनु दु:खद् कुरा हो ।

***स्वास्थ्य***

नेपाली कांग्रेसले घोषणापत्रमा तीन वर्षमुनिका बालबालिका र ७३ वर्षभन्दा माथिका वृद्धवृद्धालाई नि:शुल्क उपचार गरिने घोषणा गरेको छ । २०७४ सालमा तीन वर्षमुनिका बालबालिकालाई नि:शुल्क उपचार दिने निर्णय गरेको नेपाली कांग्रेसले १४ महिना सरकारमा हुँदा त्यसलाई कार्यान्वयन गरेको भेटिएन । दूर दराज कर्णालीमा र उच्च हिमाली भेगमा सिटामोलसम्म पुग्दैन, धरातल नटेकी अन्तर्राष्ट्रिय तहको अस्पताल निर्माण गर्ने आकांक्षा चुनावमा बेच्नुको कुनै तुक छैन ।

घोषणापत्रमा मृत्युदरलाई एक तिहाइमा झार्ने लगायतका कम व्यावहारिक वाचा छन् तर कोरोना र डेङ्गी भाइरस जस्ता समस्याले घोषणापत्रमा ठाउँ पाएनन् । कोभिड जस्ता महामारीहरूको अवस्था फेरि आउँदैन भन्न सकिँदैन । आयो भने व्यवस्थापन गर्ने खाका खै ?

***वातावरण संरक्षण***

आगामी पाँच वर्षमा विद्युतीय सवारी साधनको प्रयोग ५० प्रतिशत पुर्याइने भनी विभिन्न पार्टीले घोषणा गरेका छन् जुन वातावरणका निम्ति निकै राम्रो कुरा हो तर विद्युतीय सवारी साधनमा लगाइने भारी करले गर्दा खरिदकर्तालाई किन्न तुलनात्मक रूपमा महँगो पर्छ । सर्वसुलभ चार्जिङ स्टेसन छैन । भएका इन्धन सवारी कसरी व्यवस्थापन गर्ने निश्चित खाका छैन । यस्तो अवस्थामा पाँच वर्षमै विद्युतीय सवारी साधन ५० प्रतिशत पुर्याउँछौ भन्नु यथार्थपरक कुरा होइन ।

***कृषि***

कृषियोग्य भूमिको अत्यधिक खण्डीकरण, युवा जनशक्तिको विदेश पलायन, कृषि पेसाप्रतिको वितृष्णा, उच्च उत्पादन लागत लगायतका कारण कृषि क्षेत्रको नारा पनि सपना जस्तै मात्र हो । नेपालको कुल वार्षिक बजेटभन्दा भारतको नेपालसँग सीमा जोडिएका प्रान्तीय सरकारले कृषिमा अनुदान दिएको बजेट बढी हुन्छ । यस्तो अवस्थामा नेपालले प्रतिस्पर्धा गर्न सक्ने कुरै भएन । बरू कृषिजन्य उपजमा आत्मनिर्भर बन्नेसम्मको उद्देश्य र लक्ष्य राखेमा सम्भाव्य र यथार्थपरक हुनसक्छ । यसतर्फ कुनै दल र उम्मेदवारको ध्यान पुग्न सकेको छैन ।

'एक गाउँ एक उत्पादन'को नीति लागू गरी उत्पादन बढाउने भनिए तापनि अहिलेको अवस्था हेर्दा गाउँहरू रित्ता छन् । आवश्यक पूर्वसर्त गाउँगाउँमा पूरा भएको अवस्था छैन । यो नाराअनुसारको काम हुने कुरामा आशंका छ । दलले कृषि उत्पादनमा सिँचाइको महत्वलाई आत्मसात् गर्दै 'खेतबारीमा पानी, दोब्बर हुन्छ उब्जनी' भन्ने नारा तय गरेको छ । केही दशकअघि देखि सुरु हुने भनेका सिँचाइ परियोजनाहरू अझै पूरा हुन सकेका छैनन् । ५ वर्षमा कसरी पूरा हुन्छ नारा ?

***निष्कर्ष***

घोषणापत्र भनेको देश विकासको मार्गदर्शक हो । तर दलहरूको घोषणापत्र संकल्प सूचीभन्दा बढी महत्वकांक्षा सूची जस्तो देखिन्छ । पुँजीगत खर्चका लागि वैदेशिक ऋणमा निर्भर हुनुपर्ने अवस्था छ । घोषणापत्रमा उल्लेख गरिएका लक्ष्य प्राप्तिका लागि स्रोत कसरी जुटाउने, राजनीतिक दलसँग निश्चित खाका छैन । अधिकांश कार्यक्रम पत्यार लाग्ने आधार छैन । केवल औपचारिकताका लागि मात्र घोषणापत्र सार्वजनिक गरिए जस्तो देखिन्छ । मनोगतभन्दा पनि वस्तुगत पाराले घोषणापत्र सर्वजानिक गर्नुपर्छ । यथार्थको धरातलबाहिरका जनता झुक्याउने खालका घोषणापत्र निर्वाचनमा अनुमोदित हुनु राम्रो कुरा होइन । *साभार :इकागज*

# 'डायलसिस सेवा अब समुदायमै पुर्‍याउनुपर्छ'

**डा. अनिल बराल,**

मिर्गौलाले रगतको फोहोर छानेर बाहिर फाल्छ । शरीरलाई नचाहिने पानी छानेर पिसाब बनाउने काम पनि मिर्गौलाले गर्छ । मिर्गौला कमजोर भयो भने रगतमा भएको विषाक्त पदार्थ छान्न सक्दैन । शरीरमा बढी हुने पानी पिसाब बन्न पनि कठिन हुन्छ । यो अवस्थालाई मिर्गौला फेल भएको भनिन्छ । मिर्गौला दुई प्रकारले फेल हुन्छ- अकस्मात् र क्रमिक रूपमा । जस्तो- निमोनिया, छातीमा इन्फेक्सन, झाडापखालालगायत पेटका रोगबाट अकस्मात् मिर्गौला फेल हुनसक्छ । गाउँघरतिर अरिंगाल र अन्य कीटपतंगले टोक्दा पनि मिर्गौला फेल हुनसक्छ । सरी आकस्मिक रूपमा मिर्गौला फेल भएका बिरामीलाई अवस्था हेरी दुईदेखि पाँच पटकसम्म डायलसिस गरे पुग्छ । मूल रोग ठिक भएपछि डायलसिस गरिराख्नु पर्दैन ।

अर्को, मिर्गौला क्रमश: खुम्चिँदै गएर, त्यसमा खतहरू बस्दै गएर दीर्घकालीन रूपमा फेल हुने अवस्था आउन सक्छ । मधुमेह भएको १०-१५ वर्षमा ७०-८० प्रतिशत व्यक्तिमा मिर्गौला फेल हुने समस्या देखिन्छ । अर्को, मिर्गौलाबाटै प्रोटिन बाहिरिने रोगहरूले पनि मिर्गौला फेल हुन्छ । कठोर श्रम गर्ने आप्रवासी युवा कामदारमा यो समस्या बढी देखिएको छ । पिसाबमा प्रोटिनको मात्रा बढ्दा पत्थरीका साथै रक्तचापको समस्या हुन थाल्छ । पत्थरीले रक्तनली अवरुद्ध गर्दा मिर्गौला सुन्निएर फेल हुने अवस्थामा पुग्छ । वंशाणुगत कारण वा विषादी संक्रमणले पनि मिर्गौला फेल हुन्छ । फेल भएको मिर्गौलालाई उपचारले निको बनाउन सक्दैन । ज्यानलाई नै खतरा हुने भएपछि विकल्प खोज्नुपर्छ । त्यतिबेला मिर्गौला प्रत्यारोपण वा नियमित डायलसिस गर्ने विकल्प बाँकी रहन्छ । सबै उमेर वा रोगका बिरामीका लागि सबभन्दा राम्रो विकल्प मिर्गौला प्रत्यारोपण हो, जुन सहज र सुलभ छैन । प्रत्यारोपण नभइन्जेल डायलसिस गरेर बाँच्नुपर्छ । जिन्दगीभर आवश्यक पर्ने हुँदा डायलसिस जनस्वास्थ्यको दृष्टिकोणले ठूलो मुद्दा बनेको छ ।

एउटा बिरामी डायलसिसमा बस्दा मेसिन उसका लागि 'बुक' भएको हुन्छ । यो सेवा चाहिने नयाँ बिरामी आउँदा पुरानोलाई हटाएर उसलाई राख्न पाइँदैन । वीर अस्पतालमा २० वटा मेसिन छन् । एउटा मेसिनले एक बिरामीलाई चार घण्टाका दरले तीन सिफ्टमा डायलसिस गरिन्छ । आकस्मिक सेवाका बिरामीलाई राति पनि डायलसिस गरिन्छ । कहिलेकाहीं नयाँ बिरामीको डायलसिस गर्ने तयारी गरिरहेकै बेला नियमित डायलसिसका बिरामी गाह्रो भएर आइपुग्छन् । सबैलाई उहाँहरूले भनेझैँ वा आफूले चाहेझैँ गर्न सकिन्न अनि डायलसिसको अभावले 'यस्तोसम्म भयो' भन्ने हल्ला हुन्छ ।

मिर्गौलाले ज्यानलाई नधान्ने भएपछि आजीवन डायलसिस गर्नुपर्ने हुन्छ, त्यो पनि एक वा दुई सातामा । रगतमा पोटासियमको मात्रा बढ्न थालेपछि मुटु नै बन्द हुन्छ । मिर्गौलाले काम गर्न छाडेपछि पिसाब नभएर पानी फोक्सोमा जम्मा हुन थाल्छ । अनि अक्सिजन प्रवाह नभएर ज्यान जान सक्छ । त्यो अवस्थामा निमोनिया, संक्रमण र फदयघातको सम्भावना पनि बढ्छ । यी सबै समस्यालाई डायलसिससँग लगेर जोड्ने गरिन्छ ।

**२०-२२ वर्षदेखि डायलसिस**

सरकारी अस्पतालले नथेग्ने भएकाले सरकारले निजी अस्पतालसँग साझेदारीमा डायलसिस सेवा दिइरहेकाले हामी 'त्यो अस्पतालमा फलाना डाक्टरलाई भेट्नु है' भनेर बिरामी पठाइरहेका हुन्छौं । कतिपय बिरामी 'वीर अस्पतालमा बसेर हामीलाई निजी अस्पतालमा पठाउने ?' भन्न थाल्नुहुन्छ । जबकि, निजी अस्पतालमा भर्ना हुन, रगत-पिसाब जाँच्न मात्र महँगो हुन्छ । त्यसका लागि हामीले वीरमै बोलाएका हुन्छौं ।

वीर अस्पतालमा २७ वर्षदेखि डायलसिस गरिरहनुभएको बिरामी पनि हुनुहुन्छ । मिर्गौला प्रत्यारोपण गर्न नसके पनि उहाँ मेसिनकै भरमा २५ वर्षदेखि बाँचिरहनुभएको छ । २०-२२ वर्षदेखि डायलसिस गरिरहेका बिरामी अरू पनि हुनुहुन्छ । यो त ठूलो उपलब्धि हो । वीर, टिचिङ, भक्तपुर जस्ता सरकारी अस्पतालमा मिर्गौला बिरामीहरूको ठूलो चाप छ । यस्ता ठाउँमा बिरामीले भन्ने वित्तिकै ठाउँ नपाउनु स्वाभाविकै हो ।

**सेवा फैलियो, सहज भएन**

अहिले डायलसिस नै नपाएर बिरामीको ज्यान गएको समाचार दुर्लभ छ । नेपालजस्तो गरिब देशले पनि धेरै ठाउँमा डायलसिस सेवा पुर्‍याएको छ । गोरखा, दाङ, सुर्खेत, सुनसरी, लमजुङ, पर्वत, म्याग्दी, बाग्लुङ, स्याङ्जा, नुवाकोट लगायत जिल्लामा डायलसिस सेवा सुरु भइसकेको छ । नेपाल सरकारसँग भएका चार जना मिर्गौला रोग विशेषज्ञमध्ये पोहोर एकजनाले अवकाश लिनुभयो । बाँकी तीन जना वीर अस्पताल र एक जना पोखरामा छौं । विभिन्न समिति, प्रतिष्ठान र विश्वविद्यालयमा विशेषज्ञ छन्, तर सरकारको प्रणालीभित्र थपिएका छैनन् । बिरामीको चाप भनिसाध्ये छैन । वीरमा अहिले ७-८ जना बिरामीलाई डायलसिसको ठाउँ चाहिएको छ । सास फेर्न नसक्ने, खान अरुचि हुने, पिसाब नहुने समस्या देखिएपछि आकस्मिक अवस्थामा बिरामीहरू आउँछन् । कतिपय बिरामीले डायलसिसको तयारी पनि गरेका हुँदैनन् । गाह्रो भएपछि इमर्जेन्सीमा आउनेहरूलाई फर्काउन मिल्दैन । सुविधासम्पन्न ठाउँमा जान्छु भन्नेहरूको कुरा अलग हो ।

**मेसिनले मात्रै हुँदैन**

सामान्यत: बिरामीलाई हप्तामा तीन दिन डायलसिस गर्नुपर्छ । नेपालीको शरीर अलि सानो छ, खानामा प्रोटिन पनि कम नै हुने भएकाले दुई पटक गरे पनि हुन्छ भन्न थालियो । त्यतिले पुगेन र बिरामीलाई गाह्रो भयो भने तीन पटक पनि गराइरहेका छौं । नेपालमा कति मिर्गौला रोगी छन् भन्ने आधिकारिक तथ्यांक छैन । कुल जनसंख्याको ९-१० प्रतिशतमा मिर्गौलाको कुनै न कुनै समस्या हुन्छ भन्ने गरिन्छ । त्यसमध्ये ३ प्रतिशतको मिर्गौला फेल भएको हुनसक्ने आकलन छ । त्यसमध्ये पनि १ प्रतिशतलाई तत्काल डायलसिस वा ट्रान्सप्लान्ट आवश्यक पर्छ । सरकारले मेसिन किनेर ठाउँठाउँमा पुर्‍याएको छ, तर डायलसिस भनेको तालिमप्राप्त स्वास्थ्यकर्मी पनि हो । डायलसिस मेसिन चलाउन छुट्टै प्राविधिक जनशक्ति चाहिन्छ । दुई-चार ठाउँमा मेसिन पुर्‍याएर एकाध नर्सलाई तालिम दिँदैमा समस्या सकिँदैन । डायलसिस सेवालाई समुदायस्तरमै पुर्‍याउन सरकारले नीतिगत व्यवस्था गर्नुपर्छ ।

**अरू सबै सशुल्क**

हाम्रो जस्तो मुलुकमा स्वास्थ्य सेवा सहज हुन निकै कठिन हुँदोरहेछ । तर पहिले जस्तो आकुल-व्याकुल हुनुपर्ने अवस्था छैन । वीरमा पाँच वटा मेसिन हुँदा मन्त्री, सभासदहरू दिनदिनै बिरामी लिएर आउनुहुन्थ्यो । एक जना सभासदलाई त मैले 'तपाईंहरू संविधान बनाउनमा ध्यान केन्द्रित गर्नुहोस्, यता हामी सकेसम्म मिलाउँछौं' भनेर पठाएको थिएँ ।

सुलभ, पायक र अनुभवी स्वास्थ्यकर्मी भएकाले धेरैको चाहना वीरमा आउने हुन्छ । धादिङ जिल्ला अस्पतालमा डायलसिस सेवा छ, तर त्यहाँका बिरामीहरू यहीं आउन रुचाउनुहुन्छ । नौबिसेकाहरूलाई जिल्ला अस्पतालमा यो सेवा हुनुको कुनै अर्थ भएन । हामी 'यहाँ खाली छैन, धादिङ जानु न' भन्छौं, उहाँहरू 'त्यहाँ त हामीलाई झन् टाढा पर्छ' भन्नुहुन्छ । महेन्द्रनगर बाट यहाँ बिरामी आउँछन् । त्यहाँबाट धनगढी आउजाउ गर्नुभन्दा काठमाडौंमा डेरा लिएर उपचार गराउन सहज मान्छन् । बिरामीको घरछेउमा डायलसिस सेन्टर नभएकोमा शंका छैन, तर त्योसँगै जोडिएर आउने सामाजिक-आर्थिक पाटो पनि सम्बोधन हुनुपर्ने रहेछ । सरकारले डायलसिस सेवा नि:शुल्क दिएको हो, अरू होइन । रक्तचाप, मधुमेहलगायत अनेकथरी रोगको औषधिको छुट्टै खर्च हुन्छ । हामी अरूको तुलनामा मिर्गौला रोगबारे बढी हल्लाखल्ला सुनिरहेका हुन्छौं । किनभने, अलिकति स्रोत जुटाउन सके मेरो मान्छे बाँच्छ भन्ने आशा परिवारका सदस्यमा हुन्छ । सरकारले पनि मिर्गौला उपचारमा ठूलो लगानी गरेको छ, तर यसलाई अझै विस्तार गर्नुपर्ने आवश्यकता छ । डायलसिससँगै प्रत्यारोपणको सहजता सम्बन्धी व्यवस्था गर्नुपर्छ ।

**समुदायस्तरमा लैजानै पर्छ**

नियमित डायलसिस सेवा अस्पतालको साटो सामुदायिक स्वास्थ्य केन्द्रबाट उपलब्ध हुनुपर्ने हो । प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीहरूमै यो सेवा हुनुपर्ने हो । घरबाट गएर डायलसिस गरी घरमै आउन पाए पो सेवा सहज हुनेथियो । अहिले कतिपय बिरामीको परिवारले गाउँको घरखेत बेचेर डायलसिस गराउनुपर्ने अवस्था छ । अस्पताल जाँदा एकजना साथी हुनुपर्‍यो । परिवारका दुई जना उपचारमा जानुपरेपछि आय आर्जनको चक्र विथोलिन्छ । धेरैले काठमाडौंका सडकमा मकै, बदाम बेचेर परिवारका सदस्यको डायलसिस गराइरहेका छन् ।

**अर्को विकल्प रोजौं**

मिर्गौला बिरामीको रगत शुद्धीकरणका लागि यो गरिन्छ । डायलसिस दुई प्रकारको हुन्छ- हप्ताको दुई वा तीन पटक अस्पताल गएर गरिने हेमोडायलसिस र घरमै पेटभित्र पाइप हालेर गरिने पेरिटोनियल डायलसिस (पीडी) । बिरामी आफैं वा अरूको सहयोगले घरमै गरिने पीडी पनि अन्तर्राष्ट्रियस्तरमा सिफारिस भएको भरपर्दो विधि हो । यस्ता बिरामीले मुख बार्न पनि पर्दैन । पीडी गर्ने बिरामीहरूले नियमित रूपमा आफ्नो काम गर्न सक्नुहुन्छ । तर, यसमा बिरामीहरूको रुचि कम छ । जति पीडी हुनुपर्ने हो, त्यति भएको छैन ।

पेरिटोनियल डायलसिस गर्दा संक्रमणको जोखिम भने अलि बढी हुन्छ । यसमा सावधानी अपनाउनुपर्छ । सरकारले अनुदान पनि दिएको छ, तर महँगीका कारण त्यो रकममा स्वास्थ्य सामग्री पाइँदैन । सरकारले यो समस्या सम्बोधन गरिदिए बिरामीहरूलाई राहत हुनेछ । नेपालको कुल जनसंख्यामध्ये ३० लाखमा कुनै न कुनै किसिमको मिर्गौला रोग छ । ३० लाखको १ प्रतिशत बिरामी बाँच्न सक्दैनन् भन्ने अनुमान गरिन्छ । विश्वमा देखिएको 'ट्रेण्ड'का आधारमा यो हिसाब निकालिएको हो, अध्ययनको निचोड होइन ।

*(साभार: अनलाइनखबर)*

# 'ओम शान्ति ओम' सम्पादन भएको स्टुडियोमा 'ह्यारी कि प्यारी'को पोस्ट प्रोडक्सन



काठमाडौं/डा. कपिल रिजालद्वारा निर्देशित रोमकोम जनराको फिल्म 'ह्यारी कि प्यारी' आगामी माघ २० गतेबाट प्रदर्शनमा आउने तयारीमा छ । हास्य अभिनेता जितु नेपाल र अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाहको मुख्य भूमिका रहेकाले फिल्मप्रति अपेक्षा उच्च छ भने उनीहरुको केमेस्ट्रीलाई लिएर दर्शकमा उत्सुकता पनि बढेको छ । यस फिल्ममा निर्देशक रिजाल स्वयंको प्रस्तुति तथा कथा छ ।

प्रदर्शनका लागि २ महिना बाँकी रहँदा फिल्मको भने केही हप्तादेखि स्वप्न नगरी मुम्बईमा पोस्ट प्रोडक्सनको काम भइरहेको छ । 'ओम शान्ति ओम', 'मेरी कोम', 'पा', 'गुरु', 'गजनी', 'एक भिलेन', 'कयामत', 'धडक', 'गुड न्युज' जस्ता बलिउड फिल्मको सम्पादन भएको मुम्बईको नामी प्राइम फोकस स्टुडियोमा 'ह्यारी कि प्यारी'को पोस्ट प्रोडक्सनको काम भइरहेको निर्देशक रिजालले बताए ।

नेपालमा प्रोडक्सन स्टुडियो धेरै भए पनि राम्रो 'आउटपुट' निकाल्नका लागि मुम्बईको स्टुडियो रोजेको निर्देशक रिजालको भनाई छ । मुम्बईमा फिल्मको पोस्ट प्रोडक्सन आफूले सोचेको जस्तै गरी भइरहेकोमा उनले खसी व्यक्त गरे । उनले यही फिल्मबाट निर्देशनमा डेब्यू गरेका हुन् । पेशाले दन्त चिकित्सक रहेका रिजालले यसअघि केही सर्ट फिल्मको निर्देशन भने गरिसकेका छन् ।

घिल्लो साता फिल्मको पोस्ट प्रोडक्सनको काम हेर्न जितु नेपाल मुम्बई पुगेका थिए । उनी मुम्बईको स्टुडियोले नेपाली फिल्मलाई दिएको महत्त्व र सम्मानबाट खुसी देखिए । उनी भन्छन्, 'हामी उहाँहरुको ग्राहक भएकाले राम्रो काम दिनुभएको छ । उहाँहरुले बलिउडकर्मीलाई जस्तै हामीलाई पनि सम्मान दिनुभएको छ । उहाँहरु नयाँ काम गर्न पाएकोमा उत्साहित पनि देखिनु भएको छ ।'

'गजनी', 'तारे जमीन पर', 'पिके', 'गोलमाल', 'थ्री इडियट्स', 'सिँम' जस्ता बलिउड फिल्मको साउण्ड मिक्सिङ गरिसकेका सुवीर दासले 'ह्यारी कि प्यारी'मा साउण्ड मिक्सिङ गर्न पाउँदा एउटा माइलस्टोन पार गरेको बताउँछन् । उनले फिल्मको कन्टेन्ट र भावना राम्रो र हेको भन्दै प्रशंसा पनि गरे । यो फिल्मको साउण्ड मिक्सिङ आफ्नो करिअरको माइलस्टोन रहेको दास बताउँछन् ।

पहिलो पटक नेपाली फिल्ममा कलरको काम गर्दा नयाँ अनुभव भएको प्राइम स्टुडियोका कलरिस्ट मनोज वर्माले बताए । बलिउड जत्तिकै प्राथमिकता राखेर आफूले काम गरिरहेको बताउँदै उनले 'ह्यारी कि प्यारी'मा फिल्म 'बजरंगी भाइजान'को लेभलको कलर भएको दाबी गरे । स्टुडियोका प्रोडक्सन हेड निर्मल गाला आफूले राम्रो काम दिने र समयमै फिल्मको काम सकाउने बताउँछन् ।

फिल्ममा ब्याकग्राउण्ड दिएका बापीले 'ह्यारी कि प्यारी' मनोरन्जनको प्याकेजिङ भएकाले संगीत दिन मज्जा आएको अनुभव साटे । 'उहाँहरुले भावनात्मक फिल्म बनाउनु भएको छ । जसमा नेपालको ग्रामीण भेगलाई आकर्षक ढंगले उतारिएको छ । नेपाल र फिल्मको मर्म मर्न नदिने गरी मैले स्तरीय ब्याकग्राउण्ड म्युजिक दिएको छु । र, आशा छ नेपाली दर्शकहरुले मनपराउनु हुन्छ ।'

'ह्यारी कि प्यारी'का मुख्य सहायक निर्देशक गिरिराज घिमिरे मुम्बईको सुविधा सम्पन्न स्टुडियोमा काम गर्दा टेक्निकल रुपमा धेरै नै सजिलो हुने अनुभव साट्छन् । त्यस्तै, फिल्मका छायाँकार, पटकथा तथा संवाद लेखक सुदिप बराल मुम्बईमा पोस्ट प्रोडक्सन गर्दा प्राविधिक रुपमा फिल्म अत्यन्त अब्बल बनेको दाबी गर्छन् । उनले फिल्मको सम्पादन फोरके प्रविधिमा भइरहेको जानकारी दिए ।

विजय बराल, लक्ष्मी गिरी, सुवास गजुरेल, नरेश पौडेल, रञ्जना भट्टराई, समिक्षा पौडेल, र मेश अधिकारीलगायतको पनि अभिनय रहेको फिल्ममा रेखा थापा अतिथी भूमिकामा छिन् । फिल्ममा डा. भोला रिजालको गीत, शिखर सन्तोष र युग भुषालको संगीत, सपनकुमार राई, सौभर दास, थोम्सन एन्ड्रयुज, मीना निरौला र देवाञ्जली जोशीको स्वर र कविराज गहतराजको कोरियाग्राफी छ ।

*(स्रोत: फिल्मीखबर)*

# स्वस्थ भएर 'मेरी बास्सै'मा फर्किए रामचन्द्र अधिकारी



काठमाडौं/कलाकार रामचन्द्र अधिकारी दुई महिनापछि टेलिभिजन श्रृंखला 'मेरी बास्सै'मा फर्किएका छन् । अस्वस्थ भएपछि सिरियलबाट केही समय बाहिरिएका उनी पछिल्लो एपिसोडमा देखिने भएका छन् ।

यसैसाता काठमाडौंमा गोतामथोकमा भएको छायांकन सेटमा अधिकारी सहभागी भए । सिरियलका अन्य कलाकारले फूलमालाले स्वागत गर्दै दीर्घायुको कामना समेत गरे ।

आफू 'मेरी बास्सै'मा फर्किएको जानकारी दिन सार्वजनिक गरिएको भिडियोमा अधिकारीले पहिलेजस्तै सक्रिय भएर काम गर्ने बताएका छन् । आफ्नो स्वास्थ्यको कामना गर्ने दर्शकप्रति उनले आभार व्यक्त गरेका छन् ।

सिरियलका निर्माण नियन्त्रक लेखान्त भुसालले कलाकार अधिकारी निरोगी भएर सिरियलको छायांकनमा फर्किएको जनाए ।

'उहाँ स्वस्थ्य भएर दुई महिनापछि फर्किनुभएको छ । विहीबार प्रसारण हुने ७८४ भागमा उहाँलाई काजीको रोलमा हामीले हेर्न पाउँछौं,' भुसालले भने । रामचन्द्र अधिकारी नभएको एपिसोडको समयमा बडाकाजीको रोलमा पाका कलाकार मुकुन्द श्रेष्ठ पनि भित्रिएका थिए ।

तर मातृशोकको कारण मुकुन्द श्रेष्ठ पनि केही एपिसोडमा देखिनेछैनन् । कथाले मागेअनुसार उनलाई पनि आगामी श्रृंखलामा निरन्नतरता दिने तयारी भइरहेको छ ।

## श्री मालपोत कार्यालय मकवानपुरबाट मिति: २०७९/०८/१९ मा जारी भएको नामसारीको

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

निवेदक- धर्मलाल स्याङ्तान (छोरा) ज.ध: / मोही - सेते स्याङ्तान (बाबु)

यसमा जिल्ला मकवानपुर साविक ईपाआँपचौर गाविस वडा ४ख को कि.नं. ५ र ६ को क्षेत्रफल ज. रो. १५-१-०-० र २१-१०-०-० को जग्गाधनी सेते स्याङ्तानको को मिति २०७३/११/२० मा मृत्यु भएको, निज जग्गाधनीको एकमात्र पत्नी सेती माया स्याङ्तानको पनि मिति २०५८/०५/०८ मा मृत्यु भएको, जग्गाधनी र निजको पत्नीको दाम्पत्य जिवनबाट एकमात्र छोरा म निवेदक धर्मलाल स्याङ्तानको जायजन्म भएकोले उल्लेखित जग्गामा रहेको मोहि जग्गाधनी नै सेते स्याङ्तानको नाम मोहि लगतबाट कट्टा गरि उल्लेखित जग्गा मेरो नाममा एकलौटी नामसारी गराईपाउँ भनी भीमफेदी गाउँपालिका ८ नम्बर वडा कार्यालयको च.नं. १५२ मिति २०७९/०८/१३ को सिफारिस, वडा सर्जमिन मुचुल्का, पुर्जा समेत संलग्न राखी द.नं. ४५२६ मिति २०७१/८/१४ मा मागदावी निवेदन पेश गर्नु भएकोमा वडा कार्यालयको सिफारिस सहित मिसिल संलग्न कागजातहरुको अध्ययन गर्दा जग्गाधनी र निजको पत्नीको पनि मृत्यु भएको तथा कार्यालयमा भएको जग्गाको श्रेस्ता जिर्ण भएकोले जग्गाधनी हकदारहरु, जग्गाको हकभोग, मोहि लगत कट्टा, जग्गाधनीको पालन पोषण/सदगद सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशित गरी सूचना टाँसको जानकारी तथा सूचना प्रकाशित भएको पत्रिका प्राप्त भई म्याद भुक्तान भए पछी पेश गर्नु भनी भएको आदेश बमोजिम यो पैंतीस दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत: निवेदकको माग दावी सत्य नभई झुठा भए वा जग्गाधनीको अरु कोही हकदारहरु पनि भए वा जग्गा धनीको पालनपोषण र सदगद अरुले नै गरेको भए वा उल्लेखित जग्गामा रहेको मोहि स्वयम जग्गाधनी नभै अरुनै कोहि व्यक्ति भए वा उल्लेखित जग्गामा रहेको मोहि सेते स्याङ्तानको नाम मोहि लगत कट्टा गरि जग्गा निवेदकको नाममा एकलौटी नामसारी गर्दा कुनै सरकारी, सार्वजनिक, सामुदायिक, व्यक्तिगत वा अन्य जग्गा तथा संरचनामा प्रतिकुल असर पर्ने भए वा निवेदकको माग बमोजिम नामसारी हुनु/गर्नु नहुने कुनै कारण भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र **मालपोत कार्यालय मकवानपुर**मा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको नाममा नामसारी भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

*ईति संवत २०७९ साल मंसिर महिनाको १९ गते रोज ०२ शुभम ।*

# परिवारसहित नेपाल आउँदै विवेक ओबेरोय



काठमाडौं/बलिउड सुपरस्टार विवेक ओबेरोय परिवारको साथमा नेपाल आउने भएका छन् । उनी यही डिसेम्बर १४ तारिख (मंसिर २८ गते) नेपाल आउन लागेका हुन् । उनले एक भिडियो सन्देशमार्फत् आफू श्रीमती, सन्तान र आमा-बुबाको साथमा नेपाल आउन लागेको जानकारी दिँदै नेपालको विभिन्न ठाउँ घुम्ने बताएका छन् । उनलाई व्यवसायी पुनम यादवको सुमहले नेपाल ल्याउन लागेको हो ।

विवेकले डेढ मिनेटको भिडियो सन्देशमा भनेका छन्, 'म परिवारसँग नेपाल घुम्नका लागि आउँदैछु । मलाई नेपाल आउन खुल्ला फदयले निमन्त्रणा गरेकोमा पर्यटन क्षेत्र, नेपाल सरकार, नेपालीलाई धन्यवाद भन्न चाहन्छु । नेपालसँग भारतको सम्बन्ध सांस्कृतिक सम्पदा, धार्मिक, ऐतिहासिक रुपमा मात्र नभएर विभिन्न हिसाबले जोडिएको छ । नेपालीहरु हाम्रै हुन् र हामी पनि नेपालीका हौं ।'

आफ्नो २० वर्षको करिअरमा नेपालबाट अथाह माया मिलेको बताउँदै ओबेरोयले विश्वभर का मानिसलाई नेपालको सुन्दर ठाउँ घुम्न आउन आग्रह गरेका छन् । उनले भनेका छन्, 'लुम्बिनीमा भगवान् गौतम बुद्धको जन्म भएको थियो, त्यहाँ ठूलो कार्यक्रम हुँदैछ । म त्यो कार्यक्रममा सहभागी हुनेछु । नेपालीको प्रतिभालाई संसारमा चिनाउन मेरोतर्फबाट पनि सानो भूमिका रहनेमा विश्वस्त छु ।'

विवेकको नेपाल बसाई एक हप्ताको हुने पुनमले बताइन् । दुई दिन काठमाडौं बसेर उनी पोखरा प्रस्थान गर्नेछन् । त्यतैबाट उनले परिवारको साथमा हलिकप्टरमार्फत् सगरमाथा बेसक्याम्पको भ्रमण गर्नेछन् भने काठमाडौं बसाईको क्रममा पशुपतिनाथको पनि दर्शन गर्ने पुनमले जानकारी दिइन् । विवेक र पुनमबीच पारिवारिक सम्बन्ध पनि छ । उनीहरुबीच धेरै पटक भेट भइसकेको छ ।

पुनमले अघिल्लो वर्ष हिन्दी गीत 'इबादत'को निर्माण गरेकी थिइन् । भारतको प्रतिष्ठित कम्पनी टि-सिरिजको पप चार्टबस्टर्स नामक यूट्युब च्यानलबाट उक्त गीत सावएजनिक भएको थियो । गीतमा नेपाली गायिका स्मिता दाहाल र भारतका चर्चित गायक शबाब सबरीको स्वर रहेको थियो । सफल व्यवसायीको रुपमा चिनिएकी पुनम यादव चाँडै नेपाली फिल्म निर्माणको तयारीमा पनि छिन् ।

## बिमालेख हराएको सूचना

यही मिति २०७९/८/१६ हेटौंडा-९ बाट बजार आउने क्रममा मेरो निम्न व्यहोरा भएको विमालेख हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न सम्पर्क नम्बरमा सर्म्पक गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम:** पुश्कल नेपाल
**बिमालेख नम्बर** : १६०००९८३२, १६००११९६९
**ठेगाना:** हेटौंडा -९, मिलन टोल
**सम्पर्क नम्बर:** ९८४५०७४९४९

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

## विश्वकप-२०२२

# स्विटजरल्याण्डमाथि शानदार जित निकाल्दै पोर्चुगल क्वार्टरफाइनलमा



काठमाडौं/गोन्सालो रामोसको ह्याट्रिकमा स्वीटजरल्याण्डमाथि शानदार जित निकाल्दै पोर्चुगल १६ वर्षपछि विश्वकपको क्वार्टरफाइनलमा पुगेको छ ।

लुसैल स्टेडियममा मंगलबार राति भएको खेलमा पोर्चुगलले स्वीटजरल्याण्डलाई ६-१ को फराकिलो अन्तरले पाखा लगाएको हो । यो खेलसँगै विश्वकपको क्वार्टरफाइनल समीकरण पूरा भएको छ । पोर्चुगलले अब क्वार्टरफाइनलमा मोरक्कोसँग खेल्नेछ ।

मंगलबार नै भएको पहिलो खेलमा मोरक्कोले पेनाल्टी सुटआउटमा स्पेनलाई ३-० ले हराउँदै पहिलो पटक क्वार्टर फाइनलमा स्थान बनाएको थियो ।

खेलको पहिलो हाफमा २-० ले अग्रता बनाएको पोर्चुगलले बाँकी गोल दोस्रो हाफमा गर्यो ।

पोर्चुगलको जितमा रामोसले ह्याट्रिक पुरा गरे । जारी विश्वकपमा यो पहिलो ह्याट्रिक हो । क्रिस्टियानो रोनाल्डोको स्थान लिदै सुरुवाती ११ मा स्थान बनाएका रामोसले खेलको १७, ५१ र ६७ औं मिनेटमा गोल गर्दै ह्याटिक पुरा गरे ।

खेलको १७ औं मिनेटमा रामोसको गोलमा पोर्चुगलले सुरुवाती अग्रता बनाएको थियो । रामोसले जाओ फ्लीक्सको पासमा गोल गरेका थिए । ३३ औं मिनेटमा कप्तान पेपेले गोल गर्दै पोर्चुगलको अग्रता दोब्बर पारेका थिए ।

खेलको ५१ औं मिनेटमा रामोसले व्यक्तीगत गोल तथा टोलीका लागि तेस्रो गोल गर्दै खेललाई ३-० को अवस्थामा ल्याए ।

खेलको ५५ औं मिनेटमा राफेल गुइरिरोले गोल गर्दै पोर्चुगललाई ४-० को अग्रता दिलाए । त्यसको तिन मिनेटमा नै स्वीटजरल्याण्डले गोल गर्दै खेलमा फर्कने संकेत गरेको थियो । स्वीटजरल्याण्डका मेनुअल एन्काजीले गोल गर्दै खेललाई ४-१ को अवस्थामा ल्याए ।

६७ औं मिनेटमा पोर्चुगललाई ५-१ को अग्रता दिलाउने क्रममा रामोसले ह्याट्रिक पुरा गरे । खेलको अतिरिक्त समयमा राफेल लियोले गोल गर्दै ६-१ को सानदार जित निकालेको हो ।

विश्वकपमा १९६६ मा तेस्रो भएको पोर्चुगल २००६ मा चौथो भएको थियो । फिफा विश्वकपमा यो नै पोर्चुगलको उत्कृष्ट नतिजा हो । त्यसयता २०१० मा अन्तिम १६ बाट बाहिरिएको पोर्चुगल २०१४ मा समूह चरणबाटै बाहिरिएको थियो । २०१८ मा नकआउट चरणबाटै बाहिरिएको पोर्चुगल यो संस्करण विश्वकप उचाल्ने दाउमा छ ।

# ऐतिहासिक जितसँगै मोरक्को पहिलोपटक क्वार्टरफाइनलमा



काठमाडौं/सन् २०१० को च्याम्पियन स्पेनमाथि ऐतिहासिक जित निकाल्दै मोरक्को पहिलोपटक विश्वकपको क्वार्टरफाइनलमा पुगेको छ । स्पेनमाथि ऐतिहासिक जित निकाल्नेक्रममा मोरक्को छैटौं प्रयासमा क्वार्टरफाइनल पुगेको हो । मोरक्को ३६ वर्षपछि नकआउट चरणमा पुगेको थियो ।

मंगलबार राति दोहा स्थित एजुकेशन सिटी स्टेडियममा भएको खेलमा स्पेनसँग पेनाल्टी सुटआउटमा ३-० ले विजयी हुँदा मोरक्को पहिलो पटक क्वार्टर फाइनल पुगेको हो । पेनाल्टी सुटआउटमा स्पेनका पाब्लो सराविया, कार्लोस सोलर, सर्जियो बुस्केट्सको प्रहार विफल भयो ।

मोरक्कोका अब्देल्लामिद साविरी, हामिक जियाच, अचरफ हाकीमीको प्रहारले पोष्टको दिशा लियो । बडर बेनौनको प्रहार भने विफल भयो । खेलको पहिलो हाफ गोलरहित बराबरीमा सकिएको मोरक्को र स्पेनले दोस्रो हाफमा राम्रो मुभ बनाए पनि स्कोर गर्न सकेनन् ।

निर्धारित समयमा दुवैतर्फबाट गोल हुन नसकेपछि खेल अतिरिक्त समयमा धकेलिएको थियो । अतिरिक्त समयमा पनि गोल हुन नसकेपछि खेलको निर्णय पेनाल्टीबाट लिइएको थियो ।

मोरक्को १९९४ पछि पहिलो पटक नकआउट चरणमा पुगेको थियो । समूह एफ को समूह विजेताको रुपमा अन्तिम १६ मा पुगेको मोरक्कोले समूह चरणमा क्रोएशियासँग गोलरहित बराबरी खेलेको थियो । बेल्जियमलाई २-० ले हराएको मोरक्कोले समूह चरणको अन्तिम खेलमा क्यानडालाई २-१ ले हराएको थियो ।

सन् १९७० को विश्वकपमा पहिलो पटक सहभागी भएको मोरक्कोले दोस्रो पटक विश्वकपको अन्तिम १६ मा स्थान बनाएको थियो । पहिलो सहभागितामा नै समूह चरणमा सीमित बनेको मोरक्को त्यसपछिका ३ संस्करणमा छनोट नै हुन सकेन । १९८६ मा अन्तिम १६ मा पुगेको मोरक्कोले त्यसयता २०२२ मा पहिलोपटक नकआउट चरणमा छनोट भएको थियो ।

# क्वार्टरफाइनलमा ब्राजिल र क्रोएसिया भिड्ने



काठमाडौं/कतारमा जारी फिफा विश्वकप २०२२ को क्वार्टफाइनलमा ब्राजिल र क्रोएसिया बीच प्रतिस्पर्धा हुने भएको छ ।

सोमबार भएका आ-आफ्नो खेलमा जित हात पार्दै यी टोलीले माथिल्लो चरणमा आफ्नो स्थान बनाएका हुन् । क्रोएसियाले जापानलाई पेनाल्टी सुटआउटमा ३-१ ले पछि पार्‍यो भने ब्राजिलले दक्षिण कोरियामाथि ४-१ गोल अन्तरको जित हात पार्दै माथिल्लो चरणमा आफ्नो स्थान सुरक्षित गरेको हो ।

गएको विश्वकपमै ठूला र उपाधि दाबेदार टोलीलाई हराउँदै क्रोएसिया फाइनलमा पुगेको थियो । अहिले पनि उ त्यही लयमा देखिएको छ । समूह एफको उपविजेता क्रोएसिया पनि समूहमा अपराजित रहँदै नकआउटमा आएको हो । पहिलो खेलमा मोरक्कोसँग गोलरहित बराबरी खेलेको क्रोएसियाले अन्तिम खेलमा बेल्जियमसँग पनि गोलरहित बराबरी खेल्यो, जुन नतिजाका कारण बेल्जियम समूहचरणबाटै घर फिर्किएको छ । साविक उपविजेता क्रोएसियाले दोस्रो खेलमा क्यानडालाई ४-१ ले पराजित गरेको थियो । सुरुका १५ वटा विश्वकपमा सहभागी नभएको क्रोएसियाले गत विश्वकपमा इतिहास रच्दै फाइनलमा पुगेको थियो । तर फाइनलमा फ्रान्ससँग पराजित हुँदा पहिलो पटक उपाधि चुम्ने सपना पूरा भएन । पछिल्ला ७ मध्ये ६ वटा विश्वकपमा सहभागी भएको छ । २०१० मा भने छनोट हुन सकेन । पहिलो सहभागीतामा १९९८ मा सेमिफाइनल पुगेको क्रोएसिया त्यसपछिका ३ विश्वकपमा समूह चरणबाटै बाहिरिएको थियो ।

त्यस्तै ब्राजिल पनि विश्वकपको सबैभन्दा सफल टोली हो । सबै विश्वकपमा सहभागी एक मात्रै टिम पनि हो । जसले ७ पटक फाइनलको यात्रा तय गर्दा सर्वाधिक ५ पटक उपाधि जितेको छ । ब्राजिलभन्दा एक कम इटली र जर्मनीले जितेका छन् । तर ती दुवै टोली यसपटक उपाधि होडमा छैनन् । इटली छनोट नै भएन भने जर्मनी समूह चरणबाटै बाहिरियो । यसअघिको विश्वकपमा पनि ब्राजिल क्वाटरफाइनलसम्म पुगेको थियो ।

*"तपाई, हामी सबैको कुरा"*

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



वेबसाइडमा: *www.sajhakuranews.com* सर्च गर्न नभुल्नुहोला।
साझाकुरा वेबसाइटमा सजिलै पढ्न सकिने छ ।

# हेटौंडामा माघ पहिलो सातादेखि महोत्सव गरिँदै

साझाकुरा संवाददाता

हेटौंडा, २० मंसिर/ हेटौंडा उपमहानगरपालिका-५, स्थित क्याम्पाडाँडा चौरमा २०७५ सालमा भएपछि रोकिएको जिल्लाकै ठूलो औद्योगिक व्यापारिक मेला यसवर्ष गरिने भएको छ ।

मकवानपुर उद्योग वाणिज्य संघको आयोजनामा आगामी माघ ५ गतेदेखि हेटौंडामा आद्योगिक तथा व्यापारिक महोत्सव हुने भएको हो । यसअघि कोरोना महामारीलगायतका कारण महोत्सव हुन सकेको थिएन् । संघका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवालले महोत्सव गर्ने तयारीमा जुटेको जानकारी दिए ।

संघमा दैनिक महोत्सवलाई लिएर छलफल जारी रहेको उनले बताए । महोत्सव हुने मिति तय भइसकेको उनले बताए । १७ माघसम्म आयोजना हुने महोत्सवलाई भव्य बनाउने तयारी भइरहेको अग्रवालले जानकारी दिए ।

पछिल्लो महोत्सव गरिएको क्याम्पाडाँडा चौरमा हाल मिनि रंगशाला निर्माण भएपछि महोत्सव गर्ने स्थानको पनि छनौट गर्न बाँकि रहेको अग्रवालले बताए । उनले केही समयअघि भएको छठ पूजा भएको क्षेत्र राप्ति खोलाको तटमा महोत्सव गर्न सकिने बारे छलफल भइरहेको बताए । तर, महोत्सव गर्ने स्थानमा हेटौंडा-१०, स्थित टिसिएनको चौर (आँखा अस्पताल पछाडि)लाई पनि चासोमा राखिएको छ । टिसिएनको चौरमा बसपार्कको टर्मिनल भवन निर्माण भइरहेकोले राप्ति तटमा महोत्सव हुन सक्ने अग्रवाल बताउँछन् । महोत्सव हुने स्थानको छनौटको लागि आगामी बैठकबाट तय गरिने उनले बताए ।

जिल्लाको सांस्कृतिक विविधताको संरक्षण गरी समग्र आर्थिक, सामाजिक विकासका लागि पर्यटन, कृषि, घरेलु उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, क्षेत्रको विकास तथा साँस्कृतिक जागरण र पर्यटन क्षेत्रको प्रवर्द्धनमा टेवा पुऱ्याउने उदेश्यका साथ मेला आयोजना हुन लागेको बताए । महोत्सवका लागि हेटौंडा उपमहानगर, जिल्ला प्रशासन कार्यालय मकवानपुर, बागमती प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषद्बाट सिफारिस लिने काम भइरहेको अध्यक्ष अग्रवालले जानकारी दिए । साथै, जिल्लामा निकट भविष्यमै दुई वटा महोत्सव पनि हुँदैछन् । उत्तरी क्षेत्रस्थित थाहामा पनि सांस्कृतिक महोत्सव आयोजनाको तयारी गरिएको छ ।

# 'नेपथ्य लाइभ कन्सर्ट'को तयारी अन्तिम चरणमा



साझाकुरा संवाददाता

हेटौंडा/भोली बिहिबार हेटौंडामा हुने 'नेपथ्य लाइभ कन्सर्ट'को तयारी अन्तिम चरणमा पुगेको छ ।

मानवता प्रबर्द्धनको लागि हेटौंडाको भुटनदेवी चौरमा बिहीबार 'नेपथ्य लाइभ कन्सर्ट' हुन लागेको हो । बिहिबार हुन लागेको 'नेपथ्य लाइभ कन्सर्ट'को आन्तरिक तयारी पुरा भएको र फिल्ड तथा स्टेजको काम जारी रहेको मानव सेवा आश्रम हेटौंडाले जनाएको छ । वीरगञ्जको कार्यक्रम सकेर नेपथ्यका मुख्य गायक अमृत गुरुङ सहितको टोली आज मंगलबार हेटौंडा आएको छ ।

नेपथ्यको प्राविधिक टोलीले स्टेज बनाउन सुरु गरेको छ । कन्सर्टमा मुख्य गायक अमृत गुरुङले लोक/पप गीतहरु प्रस्तुत गर्नेछन् । कार्यक्रमको तयारी तीब्र भएको र टिकट विक्री करिब करिब सकिएको मानवसेवा आश्रम हेटौंडाले जनाएको छ ।मानव सेवा आश्रम हेटौंडामा हाल १८ जना बालक, ३ जना बालिका, ९४ पुरुष र ७७ जना महिला गरी एकसय ९२ जना आश्रित छन् । कन्सर्ट मंसिर २५ गते भरतपुरको क्याम्पाचौरमा, २९ गते नेपालगञ्जको रंगशालामा, पौष ३ गते धनगढी रंगशाला, ६ गते सुर्खेतको खुल्लामञ्च, ९ गते बुटवलको कालिका मानवज्ञान मावि सेक्टर २ (रामनगर) मैदान, १२ गते पोखराको प्रदर्शनी केन्द्रमा नेपथ्य गुञ्जिने छ । अन्तिम कार्यक्रमको रुपमा अंग्रेजी नयाँ वर्षको अघिल्लो रात 'न्यू इयर इभ' को दिन पौष १६ गते काठमाडौँको भृकुटीमण्डपमा हुनेछ ।

कन्सर्टमा सहभागि हुन मानवसेवा आश्रमको मुख्य कार्यालयका साथै अनलाइनबाट पनि टिकट लिन सकिन्छ । टिकट शुल्क एक हजार रुपैयाँ रहेको छ ।मानवता प्रबर्द्धनका लागि मुलुकका प्रमुख १० शहरमा गर्न लागेको कन्सर्टअन्तर्गत मकवानपुरको यो कार्यक्रम तेस्रो हो । यसअघि मंसिर १६ गते विराटनगर र १९ गते वीरगञ्जमा कार्यक्रम सम्पन्न भएको छ ।

# कमल थापाको पार्टीलाई जम्मा २१ हजार मत

साझाकुरा संवाददाता



हेटौंडा, २० मंसिर/ राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को अधिवेशनमा अध्यक्षमा पराजित भएपछि पुरानै राप्रपा नेपाल पार्टी ब्यूँताएका कमल थापालाई यस निर्वाचन फापेन ।

थापा प्रत्यक्षतर्फका निर्वाचनमा मकवानपुर-१ बाट पराजित हुनु र उनको पार्टी राप्रपा नेपालले देशभरबाट २१ हजार बढी मत ल्याउनुले उनको राजनीति धरापमा परेको छ । राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालले समानुपातिक मार्फत देशभरबाट निकै थोरै मत प्राप्त गरेको हो । थ्रेस होल्ड कटाउन ३ प्रतिशत समानुपातिक मत कटाउनु पर्ने कानुनी व्यवस्था भएपनि राप्रपा नेपालले १ प्रतिशत मत पनि नकटाएको हो ।

राप्रपा नेपालले देशभर बाट २१ हजार ६ सय ९६ मत पाएको छ । जब की थ्रेस होल्ड कटाउन ३ लाख भन्दा बढी मत ल्याउनु पर्ने व्यवस्था छ । तत्कालीन समयमा थापाले नेतृत्व गर्दा पनि २०७४ को निर्वाचनमा राप्रपाले थ्रेस होल्ड कटाउन नसकेर राष्ट्रिय पार्टीको हैसियत गुमाएको थियो । हाल राप्रपाको नेतृत्वमा राजेन्द्र लिङ्देन आएपछि राप्रपाले थ्रेस होल्ड कटाएर राष्ट्रिय पार्टी बनेसँगै प्रतिनिधिसभामा १४ जना सांसद भएका छन् । अघिल्लो निर्वाचनमा राप्रपाको प्रत्यक्षतर्फ उनै लिङ्देन मात्रै सांसद थिए ।

थापा नेतृत्वको राप्रपा नोपलले समानुपातिकतर्फ कहींकतै उल्लेख्य मत प्राप्त गर्न नसकेको हो । प्रदेश १ मा ३ हजार ३ सय ९१ मत, मधेस प्रदेशमा ६ हजार ५ सय २२ मत, थापाको आफ्नै गृह प्रदेशसमेतरहेको बागमतीमा ५ हजार ६ सय ७५ मत, गण्डकी प्रदेशमा ९ सय १२, लुम्बिनी प्रदेशमा ३ हजार ३ सय ४९, कर्णाली प्रदेशमा ६ सय ६ र सुदूरपश्चिम प्रदेशमा १ हजार २ सय ४१ मत पाएको छ । राप्रपा नेपालको चुनाव चिन्ह तिर रहेको थियो । थापाले भने मकवानपुर-१ बाट नेकपा एमालेको सुर्य चिन्ह लिएर चुनाव लडेका थिए ।

# बागमती प्रदेशमा डेंगु संक्रमितको संख्या ४२ हजार पुग्यो

साझाकुरा संवाददाता



हेटौंडा/बागमती प्रदेशमा डेंगु संक्रमितको संख्या ४२ हजार पुगेको छ ।

प्रदेशभरिमा लामखुट्टेको टोकाइबाट हुने डेंगु संक्रमितको संख्या ४२ हजार७ पुगेको हो । प्रदेशमा साउनको दोस्रो हप्तादेखि हालसम्ममा डेंगुबाट संक्रमितको संख्या ४२ हजार सात पुगेको बागमती प्रदेशको स्वास्थ्य निर्देशनालयले जनाएको छ । डेंगुबाट प्रभावित भएको प्रदेशका जिल्लामा सबैभन्दा बढी काठमाडौँ र सबैभन्दा कम रसुवा जिल्ला रहेको छ ।

काठमाडौँ जिल्लामा ११ हजार एक सय २७ डेंगुका बिरामी फेला परेका छन् । रसुवा जिल्लामा ११ मा मात्र डेंगुका संक्रमित फेला परेको बताइएको छ । डेंगुको संक्रमणबाट ललितपुरमा नौ हजार छ सय तीन, मकवानपुर मा पाँच हजार आठ सय २२, भक्तपुर मा एक हजार एक सय २४, चितवनमा तीन हजार एक सय ५९, धादिङमा एक हजार छ सय ४५, काभ्रेमा पाँच सय ३६, रामेछापमा दुई सय ३४, सिन्धुपाल्चोकमा दुई सय नौ, नुवाकोटमा, दुई सय ७३, सिन्धुलीमा एक सय ७० र दोलखा जिल्लामा एक सय चार जना बिरामी भएको सो निर्देशनालयबाट प्राप्त विवरणमा जनाइएको छ ।

त्यसैगरी प्रदेशमा हालसम्म डेंगु संक्रमणका कारण मृत्यु हुनेको संख्या २३ पुगेको बताइएको छ । काठमाडौँका सात, सिन्धुली र रामेछापका तीन/तीन, ललितपुर, काभ्रे, मकवानपुर र चितवनका दुई/दुई र धादिङका एक/एक जनाको मृत्यु भएको छ ।

**मकवानपुरमा ४ जना डेंगु संक्रमित थपिए**

मकवानपुरमा पछिल्लो २४ घण्टाभित्र ४ जना डेंगु संक्रमित थपिएका छन् । ४ जना संक्रमित बढेसँगै जिल्लामा डेंगु संक्रमितको संख्या ५ हजार ८ सय २९ पुगेको छ ।

स्वास्थ्य कार्यालय मकवानपुरका अनुसार गत साउन महिनादेखि मंगलबारसम्मको तथ्यांकमा ३ हजार १ सय ९२ जना पुरुष र २ हजार ६ सय ३७ जना महिलामा संक्रमित देखिएको हो । जिल्लाको १० स्थानीय तहमध्ये सबैभन्दा धेरै डेंगु संक्रमित हेटौंडा उपमहानगरपालिकाभित्रका छन् । हेटौंडामा मात्रै ४ हजार ३ सय ३५ जनामा डेंगु संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयले जानकारी दिएको छ । जसमध्ये २ हजार ३ सय ८९ जना पुरुष र १ हजार ९ सय ४६ जना महिला छन् । मनहरी गाउँपालिकामा १ हजार ३१ जना, थाहा नगरपालिकामा १ सय ७५ जना, मकवानपुरगढी गाउँपालिकामा ७९ जना, बागमती गाउँपालिकामा ८ जना संक्रमित फेला परेका हुन् ।

इन्द्रसरोवर गाउँपालिकाका एक जना पुरुष र २ जना महिला गरी ३ जना, कैलाश गाउँपालिकाका ५ जना पुरुष र ३ जना महिला गरी ८ जना, भीमफेदी गाउँपालिकामा ३१ जना पुरुष र २८ जना महिला गरी ५९ जना, बकैया गाउँपालिकामा १८ जना पुरुष र २८ जना पुरुष गरी ४६ जना, राक्सिराङ गाउँपालिकमा १९ जना पुरुष र ६ जना महिला गरी २४ जना, हाल ठेगाना नखुलेका १७ जना पुरुष र १८ जना महिला गरी ३५, अन्य जिल्लाका १५ जना पुरुष र १० जना महिला गरी २५ जनालाई संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयको तथ्यांकमा उल्लेख छ । संक्रमणका कारण जिल्लामा हालसम्म एक जनाको मृत्यु भएको छ ।

# प्रधानमन्त्री देउवाले गरे चुनावमा २६ लाख १२ हजार रुपैयाँ खर्च

काठमाडौं, २० मंसिर/ यही मङ्सिर ४ गते भएको प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा भाग लिएका राजनीतिक दल र उमेदवार निर्वाचन खर्चको विवरण बुझाउन थालेका छन् ।

निर्वाचन खर्च बुझाउने क्रममा प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले प्रतिनिधिमार्फत चुनावी खर्च बुझाएका छन् । निर्वाचन आयोगले खर्च पेस गर्न निर्देशन दिएसँगै उम्मेदवारले खर्च विवरण जिल्ला निर्वाचन कार्यालय डडेलधुरामा बुझाउन थालेका हुन् ।

प्रधानमन्त्री देउवाले आफ्ना प्रतिनिधि पार्टीका सहसचिव प्रेमबहादुर महरमार्फत खर्च विवरण पेश गरेका हुन् । उनले निर्वाचनमा रु २६ लाख १२ हजार खर्च गरेको विवरण निर्वाचन कार्यालयमा पेस गरेको सहसचिव महरले जानकारी दिए । प्रचार सामग्री छपाई, यातायात, खाना, सम्पर्क कार्यालय स्थापना र सञ्चालनलगायत सात शीर्षकमा उक्त खर्च भएको भन्दै विवरण निर्वाचन कार्यालयमा बुझाइएको उनले बताए ।

यस्तै नेपाली कांग्रेस (वीपी) का उम्मेदवार कर्णबहादुर मल्लले रु १३ लाख आठ हजार, स्वतन्त्र उम्मेदवार कर्णबहादुर रावलले रु एक लाख १६ हजार, विक्रमबहादुर शाहीले रु दुई लाख दुई हजार एक सय ९० र राप्रपा



उम्मेदवार गोविन्द खडायतले रु चार लाख ४० हजार खर्च भएको भन्दै विवरण बुझाएका छन् ।

जिल्ला निर्वाचन कार्यालयका प्रमुख करुणाकर अवस्थीका अनुसार डडेलधुरामा प्रतिनिधिसभा तर्फ रु ३१ लाख, प्रदेशसभा (१)का लागि रु २१ लाख र प्रदेशसभा (२) का लागि रु १९ लाख खर्चको सीमा तोकिएको थियो ।

एउटामात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको जिल्लामा प्रतिनिधिसभामा आठ र दुई वटा प्रदेशसभामा १२ गरी २० उम्मेदवार रहेका थिए । उनीहरुमध्ये १४ जनाले निर्वाचन खर्च बुझाइसकेको निर्वाचन अधिकारी अवस्थीले जानकारी दिए ।

# घिमिरे जिल्लाकै उत्कृष्ट प्रहरी घोषित

साझाकुरा संवाददाता

हेटौंडा/प्रहरी निरीक्षक रामचन्द्र घिमिरे जिल्लाकै उत्कृष्ट प्रहरी घोषित भएका छन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुर मानवश्रोत व्यवस्थापन शाखा कार्यरतप्रहरी निरीक्षकघिमिरे जिल्लाकै उत्कृष्ट प्रहरी घोषित भएका हुन् । घिमिरेको कार्य मुल्याङ्कन गर्दै जिल्ला प्रहरी कार्यालय मकवानपुरले घिमिरेलाई कार्तिक महिनाको जिल्लाको उत्कृष्ट प्रहरी घोषणा गरेको छ । प्रहरी निरीक्षक घिमिरेले आफुलाई सुम्पिएको जिम्मेवारी कुलशलतापूर्वक सम्पादन गरेको विवरणमा उल्लेख छ ।

असोज ७ गते दिउँसोको समयमा हेटौंडा-११ थानाभर्याङस्थित सडकखण्डमा चेकिङ डिउटीमा खटिएको प्रहरी टोलीले बसामाडीबाट हेटौंडा आउँदै गरेको ना २ ह २३६३ नम्बरको अटोलाई रोकी सुरक्षाजाँच गर्ने क्रममा उक्त अटोमा सवार हेटौंडा-१९ का ६० वर्षीय प्रेम बहादुर थिङ, उक्त अटोको पछाडी सिटमा सवार महिला हेटौंडा-३ बसामाडीकी ४० वर्षीय कविता थिङ र सोही ठाउँकी ३६ वर्षीय सिरसानी मोक्तानले ल्याएको लागूऔषध गाँजा ११ किलो २ सय ग्राम बरामद गरी उनीहरुलाई पक्राउ गरी कानूनी दायरामा ल्याउन अहम भुमिका निर्वाह गरेका थिए ।

यस्तै, असोज २३ गते राति १० बजेको समयमा हेटौंडा-११ थानाभञ्ज्याङस्थित अनुपा बिकको कोठामा हेटौंडा-६ का २० वर्षीय सुशान्त बिकले १४ वर्षीय नाम परिवर्तित ३१ (०७१/०८०-३८) लाई फकाई विवाह गर्छु भनी प्रलोभनमा पारी पीडितको इच्छा विपरीत जबरजस्ती करणी गरी फरार रहेकोमा सुशान्त बिकलाई पक्राउ गरी कानुनी दायरामा ल्याइएको थियो । असोज २५ गते राति ११ बजेर २५ मिनेटको समयमा हेटौंडा-१ जरुवाटोलस्थित भित्री सडकखण्डमा प्रहरी टोलीले बा १८ च ६६०६ नम्बरको स्कारपियो गाडीमा लुकाईछिपाई गरी ल्याएको अवस्थामा लागुऔषध ओनरेक्स १ सय ५८ बोतल फेला पारी र संलग्नलाई पक्राउ गर्न सफल भएको विवरणमा उल्लेख छ ।

# पहिलो पटक भीमफेदी-हेटौँडा-सामरी महोत्सव हुने



साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरमा पहिलो पटक भीमफेदी-हेटौँडा-सामरी महोत्सव हुने भएको छ ।

ओम शक्ति मारुती इभेन्ट म्यानेजमेन्ट प्रालिको आयोजनामामंसिर २९ गतेबाट पुस १० गतेसम्म भीमफेदी-१ को खोप्लाङमा महोत्सवहुने भएको हो । प्रालिका अध्यक्ष अजित राईले हेटौँडा बजार क्षेत्रमा हुने मेला महोत्सवलाई गाउँपालिकामा पनि लैजाने योजना अनुसार आफुहरुले महोत्सवको तयारी गरेको बताए । भीमफेदी-हेटौँडाकोका पर्यटक प्रर्वद्धन, कला साहित्यको प्रचार सहित व्यापार ब्यवसायलाई बढवा दिनको लागि महोत्सवको आयोजना गर्न लागिएको राईले बताए ।

करिब १ सय ५० देखि २ सय वटा स्टल रहने महोत्सवमा राष्ट्रिय कलाकारहरु धिरज राई, बद्री पंगेनी, मिलन लामा, ज्योति मगर, प्रिती आले, एलिना चौहान लगायतका कलाकारहरुले प्रस्तुती दिनेछन् ।मेलामा सहभागीले १ सय रुपैँयाको टिकट काटनुपर्नेछ । मेलामा बाल उद्यम, विभिन्न खेलकुद, खाना, लुगा कपडा, कृषि प्रर्दशनी लगाएका स्टलहरु रहने आयोजकले बताए । पत्रकार सम्मेलनमा बोल्दै भीमफेदी गाउँपालिका-१ का वडाध्यक्ष सोमबहादुर स्याङतानले महोत्सवले भीमफेदीको समग्र क्षेत्रमा सहयोग हुने बताए । पत्रकार सम्मेलनमा जिल्ला खेलकुद विकास समिति मकवानपुरका पुर्व अध्यक्ष सानु लामा, युवा समाजसेवी सुनिल लोप्चन लगायतको सहभागिता रहेको थियो ।


## रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क नं.:
९८४५२९०३९१, ९८५५०८५३९१

## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|
| Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| CMA/ANM | Few | Negotiable | TSLC |
| Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

## व्यापारिक मार्ट बिक्रीमा

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बर:
९८४५०२७०६४/९८५५०६८०३८

## थप सुविधाका साथ हाम्रा सेवाहरू

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस अस्पतालमा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

कार्यरत विशेषज्ञ डाक्टरहरु :
- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्वलाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**

हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६





साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना